# उपभोक्ता समिति मार्फत योजना सञ्चालन, कार्यान्वयन र व्यवस्थापन सम्बन्धि आधारभुत जानकारी

**उपभोक्ता समिति गठन प्रकृयाः**

- अधिकतम सहभागितामा गठन हुनुपर्ने।
- सदस्यहरु ७ देखि ११ जना हुनुपर्ने।
- ३३% महिला अनिवार्य हुनुपर्ने।
- अध्यक्ष, कोषअध्यक्ष र सचिव मध्ये कम्तिमा १ जना महिला सदस्य अनिवार्य हुनुपर्ने।
- जनप्रतिनिधि राजनितिक दलका पदाधिकारी, शिक्षक उपभोत्ता र वहालवाला सरकारी कर्मचारी आदि समितिको सदस्यमा बस्न पाईने छैन।
- वडा अध्यक्ष/सदस्य वा कार्यालयले तोकेको प्रतिनिधिको रोहवरमा गठन गर्नुपर्ने।

माथि उल्लेखित प्रकियया पूरा गरि सम्बन्धित वडाको सिफारिस लिई मध्यनेपाल

**उपभोक्ता समितिको खाता संचालन प्रकृयाः**

- समिति दर्ताको प्रमाणपत्र, खाता सञ्चालन गर्ने समितिको निर्णयको प्रतिलिपि।
- अध्यक्ष र कोषअध्यक्ष(अनिवार्य), सचिव गरी कम्तिमा २ जना संयूक्तको दस्तखतबाट खाता सञ्चालन हुने निर्णय।
- नागरिकता प्रतिलिपि अनिवार्य पेस गर्नुपर्ने छ।

**योजना सम्झौता प्रकृयाः**

- समिति गठन, खाता सञ्चालन र योजना सञ्चालनको निर्णय प्रतिलिपि।
- समिति दर्ताको प्रमाणपत्र, लागत अनुगमन, योजना कार्यतालिका विवरण।
- समितिका सदस्यहरुको नागरिकता।
- सम्झौताका लागि जिम्मेवार पदाधिकारी तोकियको निर्णय (अध्यक्ष, सचिव र कोषअध्यक्ष)

**भुक्तानी प्रकृया (सम्झौता वमोजिमको कामको)**

- प्राविधिक मूल्यांकन।
- कार्य सम्पादन प्रतिवेदन रअन्य कागजातहरु।
- सम्पादन गरेको काम र खर्चाको विवरण, समितिको निर्णय सहित पेश गर्नुपर्ने।
- कार्यालयको प्रतिनिधिको रोहवरमा सार्वजनिक परिक्षण प्रतिवेदन पेश गर्नुपर्ने।
- वडा कार्यालयको सिफारिस।
- स्थानीय तथा नगरस्तरीय अनुगमन समितिको सिफारिस।

**नोटः काम सुरु अगावै योजना सञ्चालन गरिने स्थानमा योजनाको विवरण जस्तै योजनाको नाम, लागत, काम सम्पन्न, सुरु मिति अनिवार्य रुपमा सूचना पाटीमा राख्नुपर्नेछ।**